**June 28th, 2025 Saturday**

**सुरुमा यस बुलेटिनका प्रमुख समाचार:**

1. देशले विकास सँगसँगै आफ्नो सम्पदा पनि जोगाएर अगाडि बढ्नु पर्ने प्रधानमन्त्री नरेन्द्र मोदीको भनाइ
2. संविधानको प्रस्तावना यसको आत्मा भएकोले यसलाई परिवर्तन गर्न नसकिने उपराष्ट्रपति जगदीप धनखरको धारणा
3. महानदी कोलफिल्ड लिमिटेड - ओडिशामा ३५ मिलियन टन संयुक्त क्षमता भएका दुई नयाँ कोइला खानीहरू खोलिने
4. भारतीय ब्याडमिन्टन खेलाडी आयुष शेट्टी र तन्वी शर्मा यूएस ओपनको सेमिफाइनलमा पुग्न सफल
5. अनि अन्डर-१९ क्रिकेटमा, भारतद्वारा इङ्गल्याण्ड छ विकेटले पराजित

**अब समाचार विस्तारमा**

**1. PM – Subhansu Shukla**

प्रधानमन्त्री नरेन्द्र मोदीले आज अन्तर्राष्ट्रिय अन्तरिक्ष स्टेशनमा समूह क्याप्टेन शुभांशु शुक्लासँग कुराकानी गर्नुभएको छ। बुधबार, भारतीय अन्तरिक्ष यात्री शुभांशु शुक्लालाई बोकेको एक्सिओम-४ मिसन अमेरिकाको फ्लोरिडास्थित केनेडी स्पेस सेन्टरबाट प्रक्षेपण गरिएको थियो। क्याप्टेन शुक्ला अन्तरिक्ष यात्रा गर्ने दोस्रो भारतीय अन्तरिक्ष यात्री हुन्। चार दशक अघि, विंग कमाण्डर राकेश शर्माले १९८४ मा सोभियत मिसनको एक भागको रूपमा अन्तरिक्ष यात्रा गरेका थिए।

2. PM - Acharya

प्रधानमन्त्री नरेन्द्र मोदीले भारत हजारौं वर्षदेखि आफ्नो विचार, दर्शन र ज्ञानका कारण अमर रहेको बताउनुभएको छ। श्री मोदी आज नयाँ दिल्लीमा प्रख्यात जैन संत आचार्य विद्यानन्द जी महाराजको १०० औं जन्मजयन्ती समारोहको उद्घाटन गर्दै हुनुहुन्थ्यो। समारोहली सम्बोधन गर्दै प्रधानम्त्रीले भारत संसारको सबैभन्दा पुरानो जीवित सभ्यता हो र यस शाश्वत दर्शनको स्रोत देशका ऋषि, सन्त र आचार्यहरूमा निहित छ भन्नुभयो । केन्द्र सरकारले देशको सांस्कृतिक सम्पदा र तीर्थस्थलहरूको पनि विकास गरिरहेको श्री मोदीले बताउनुभयो। प्रधानमन्त्रीले देशलाई औपनिवेशिक मानसिकताबाट मुक्त गर्ने कुरामा पनि जोड दिनुभयो।

3. VP -Preamble

उपराष्ट्रपति जगदीप धनखरले कुनै पनि संविधानको प्रस्तावना यसको आत्मा हो र यसलाई परिवर्तन गर्न सकिँदैन भन्नुभएको छ। नयाँ दिल्लीमा पुस्तक विमोचन समारोहलाई सम्बोधन गर्दै श्री धनखरले भन्नुभयो, प्रस्तावनाकै जगमा संविधानको विकास भएको हो। उहाँले थप भन्नुभयो

4. Gujarat – Amit Shah

केन्द्रीय गृह तथा सहकारिता मन्त्री अमित शाहले आज गुजरातको पञ्चमहल जिल्लाको गोधरामा अवस्थित श्री गोविन्दी गुरु विश्वविद्यालयमा विभिन्न परियोजनाहरूको भर्चुअल उद्घाटन र शिलान्यास गर्नुभयो। उहाँले नवनिर्मित उत्कृष्टता केन्द्र भवन, जलाशय, खेलकुद परिसरको उद्घाटन गर्नुभयो। श्री शाहले अहमदाबादको अडारोदा गाउँमा मोडेल सहकारी गाउँ अन्तर्गत नवनिर्मित सहकारी परिसरको पनि उद्घाटन गर्नुहुनेछ।

5. Coal India – Coal Field Ltd

कोल इन्डियाको सहायक कम्पनी महानदी कोलफिल्ड लिमिटेड- एमसीएलले ओडिशामा ३ करोड ५० लाख टन संयुक्त क्षमता भएका दुई नयाँ कोइला खानीहरू खोल्नेछ। एमसीएलका अध्यक्ष तथा प्रबन्ध निर्देशक उदय ए. काओलेले ओडिशाको सम्बलपुरस्थित कम्पनीको मुख्यालयमा आयोजित पत्रकार सम्मेलनमा यो जानकारी दिनुभएको हो। एमसीएलका अनुसार, आर्थिक वर्ष २०२५-२६ को अन्त्यसम्ममा सुभद्रा खानीबाट प्रतिवर्ष २५ करोड टन कोइला उत्पादन हुने छ। बलभद्र खानीबाट आर्थिक वर्ष २०२९-२०३० सम्ममा प्रतिवर्ष दस करोड टन उत्पादन गर्ने अपेक्षा गरिएको छ।

6. Puri – Rath Yatra

आज बिहान श्री जगन्नाथ मन्दिर प्रशासनले रथयात्रा पुनः सुरु गरेपछि, भगवान जगन्नाथ र भगवान बलभद्र र भगवान् सुभद्राका रथहरू गुण्डिचा मन्दिरतर्फ अग्रसर भइरहेको समाचार प्राप्त भएको छ। देवताहरू अब नौ दिनसम्म गुण्डिचा मन्दिरमा बस्नेछन् र त्यसपछि जुलाई ५ मा बाहुदा यात्राको क्रममा सोही रथहरूमा श्री जगन्नाथ मन्दिर फर्काइने बताइएको छ।

7. Govt - RAW

सरकारले वरिष्ठ भारतीय प्रहरी सेवा अधिकारी पराग जैनलाई दुई वर्षको लागि अनुसन्धान तथा विश्लेषण शाखा-RAW को सचिवमा नियुक्त गरेको छ। पञ्जाब क्याडरका १९८९ ब्याचका आईपीएस अधिकारी पराग जैनले रवि सिन्हाको स्थान ग्रहण गर्नुहुनेछ। मन्त्रिपरिषद्को नियुक्ति समितिले पराग जैनको नियुक्तिलाई स्वीकृत गरेको हो।

8. India – Death Rate

देशमा पाँच वर्ष मुनिका बालबालिकाको मृत्युदरमा ७८ प्रतिशतले कमी आएको छ। संयुक्त राष्ट्र बाल मृत्युदर अनुमान प्रतिवेदन अनुसार नवजात शिशु मृत्युदर पनि ७० प्रतिशतले घटेको छ। केन्द्रीय स्वास्थ्य मन्त्रालयका अनुसार खोप अभियानको निरन्तर कार्यान्वयनले यस्तो सुधार आएको हो।

9. PM – Mann Ki Baat

प्रधानमन्त्री नरेन्द्र मोदीले भोलि बिहान ११ बजे आकाशवाणीमा मन की बात कार्यक्रममा आफ्ना विचारहरू साझा गर्नुहुनेछ। यो यस मासिक रेडियो कार्यक्रमको १२३ औं प्रकरण हुनेछ। कार्यक्रम आकाशवाणी र दूरदर्शनको सम्पूर्ण नेटवर्क, आकाशवाणी समाचारको वेबसाइट र मोबाइल एपमा समाचारमा प्रत्यक्ष प्रसारण गरिनेछ। यो आकाशवामी समाचार, दूरदर्शन समाचार, प्रधानमन्त्री कार्यालय र सूचना तथा प्रसारण मन्त्रालयको युट्युब च्यानलहरूमा पनि प्रत्यक्ष प्रसारण गरिनेछ।

10. Weather

मौसम विभागले आगामी छ दिन देशको उत्तरपश्चिम, मध्य, पूर्वी र उत्तरपूर्वमा मुसलधारे वर्षा जारी रहने पूर्वानुमान गरेको छ। मौसम विभागका अनुसार मध्य प्रदेश, छत्तीसगढ, ओडिशा, झारखण्ड, बिहार, पश्चिम बंगाल र सिक्किममा पनि जुलाई ३ सम्म भारी वर्षा हुने अनुमान गरिएको छ। दक्षिणमा, तमिलनाडु र तटीय कर्नाटक र केरलामा भारी वर्षा जारी रहने अनुमान गरिएको छ।

11. Sports News

अब खेल प्रसंगः **युएस ओपन ब्याडमिन्टन प्रतियोगितामा** भारतका आयुष शेट्टी र तन्वी शर्मा आ-आफ्नो वर्गको सेमिफाइनलमा पुगेका छन्। सेमिफाइनलमा तन्वीले युक्रेनकी पोलिना बुहारोभाको सामना गर्नेछिन् भने आयुषले चाइनिज ताइपेईकाे चाउ टिएन-चेनको सामना गर्नेछन्।

**अन्डर-१९ क्रिकेटमा**, भारतले पहिलो एकदिवसीय क्रिकेट खेलमा इङ्गल्याण्डलाई छ विकेटले पराजित गऱ्यो। भारत र इङ्ग्ल्याण्डको **महिला क्रिकेट** टोलीबीचको पाँच खेलको ट्वान्टी-२० श्रङ्खलाको पहिलो खेल आज बेलायतको ट्रेन्ट ब्रिजमा खेलिनेछ। यो खेल भारतीय समय अनुसार साँझ ७ बजे सुरु हुने बताइएको छ। अर्कोतर्फ, **FIH प्रो महिला हक्की लिगमा,** भारतले आज बर्लिनमा चीनको सामना गर्नेछ। यसैगरि भारत एसियाली **स्नूकर टोली** च्याम्पियनसिपको सेमिफाइनलमा प्रवेश गरेको छ। भारतको अर्को खेल हङकङ र बहराइन बीचको खेलको विजेतासँग हुनेछ। यसैबीच, अखिल भारतीय फुटबल महासंघले जुलाई १४ मा नयाँ दिल्लीको फुटबल हाउसमा कार्यशाला आयोजना गर्दैछ। यसको उद्देश्य भारतीय फुटबलमा प्रशिक्षक र विश्लेषकहरूको दक्षता र विश्लेषणात्मक सीपलाई प्रवर्द्धन गर्नु हो। इच्छुक सहभागीहरूले महासंघको वेबसाइटमा पञ्जीकरण गरी आवेदन दिन सक्नेछन्। पञ्जीकरणको अन्तिम मिति जुलाई ६ हो।

**अन्त्यमा यस बुलेटिनका प्रमुख समाचार पुन: एकपटक**

1. देशले विकास सँगसँगै आफ्नो सम्पदा पनि जोगाएर अगाडि बढ्नु पर्ने प्रधानमन्त्री नरेन्द्र मोदीको भनाइ
2. संविधानको प्रस्तावना यसको आत्मा भएकोले यसलाई परिवर्तन गर्न नसकिने उपराष्ट्रपति जगदीप धनखरको धारणा
3. महानदी कोलफिल्ड लिमिटेड - ओडिशामा ३५ मिलियन टन संयुक्त क्षमता भएका दुई नयाँ कोइला खानीहरू खोलिने
4. भारतीय ब्याडमिन्टन खेलाडी आयुष शेट्टी र तन्वी शर्मा यूएस ओपनको सेमिफाइनलमा पुग्न सफल
5. अनि अन्डर-१९ क्रिकेटमा, भारतद्वारा इङ्गल्याण्ड छ विकेटले पराजित